नगरपालिकाको कार्यविधि संख्याः ०४

# बर्दघाट नगरपालिका

## "बर्दघाट नगरपालिकाको आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१"

**कार्यपालिकाबाट स्वीकृत मितिः –२०८१/०४/२७**

**नवलपरासी जिल्ला (बर्दघाट-सुस्ता पश्चिम)**
**लुम्बिनी प्रदेश, नेपाल**

बर्दघाट नगरपालिका

प्रमाणिकरण गर्नेको दस्तखतः

नाम थरः प्रकाश खनाल

पदः प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०८१/०५/०८

## "बर्दघाट नगरपालिकाको आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१"

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१० दफा ७० वमोजिम यस बर्दघाट नगरपालिकाको स्थानीय सञ्चित कोषबाट केही रकम विनियोजन गरी आकस्मिक कोषको स्थापना गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी नगरपालिका क्षेत्रभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मृगौला, क्यान्सर, पक्षघात तथा मस्तिष्क घात लगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिको नियन्त्रण गर्न एक र न्यून आय भएका व्यक्तिलाई उपचारमा सहायता प्रदान गर्ने रकम नगरपालिकाबाट खर्च गरी संघीय सरकारबाट शोधभर्ना प्राप्त गर्न वाञ्छनिय भएकोले,
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१० दफा ७० ले दिएको अधिकार प्रयोग गरी बर्दघाट नगर कार्यपालिकाबाट देहायको कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद—१

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नामः "आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२. पभिाषाः विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**,

क) "कार्यविधि" भन्नाले बर्दघाट नगरपालिकाको आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ लाई जनाउनेछ ।

ख) "नगर प्रमुख" भन्नाले बर्दघाट नगरापालिकाको प्रमुखलाई जनाउने छ ।

ग) “उपप्रमुख” भन्नाले बर्दघाट नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्न्छ ।

घ) “नगर सभा” भन्नाले बर्दघाट नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

ङ) “नगरपालिका” भन्नाले बर्दघाट नगरपालिकालाई सम्झनु पर्न्छ ।

च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बर्दघाट नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

छ) “कर्मचारी” भन्नाले बर्दघाट नगर कार्यपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारी जनाउने छ ।

ज) “कोष” भन्नाले नगरपालिकाको आकस्मिक कोषलाई जनाउनेछ ।

झ) “आकस्मिक कार्य” भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, रोगव्याधी, माहामारी जस्ता प्राकृतिक तथा गैह्र प्राकृतिक विपत लगायत मानवीय जीवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर, मष्तिष्कघात तथा पक्षघात जस्ता दीर्घरोगबाट पिडित अति विपन्न/ विपन्न व्यक्तिहरुको लागि तत्काल गरिने मासिक रु ५ हजार दिने संघीय कार्यविधि वमोजिमको कार्यलाई जनाउनेछ ।

## परिच्छेद–२

## कोषको अवधारणा, लक्ष्य, उद्धेश्य र नीति

**३. अवधारणाः**

बर्दघाट नगरपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सिर्जित विपदबाट प्रभावित व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलव्ध गराउन, न्यून आर्थिक स्थिति रहेका (विपन्न/अति विपन्न) दीर्घरोगीहरु लगायत संघीय कार्यविधि वमोजिम मासिक रुपमा प्रदान गरिने रकम खर्च गर्न र शोधभर्ना प्राप्त गर्ने कोषको अवधारणा हुनेछ ।

**४. लक्ष्यः**

प्राकृतिक तथा मानव सिर्जित विपदमा परेका व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलव्ध गराउन, विपन्न दीर्घरोगीहरुलाई तत्काल राहत सहयोग पुर्याउन र अप्रत्याशित स्थितिमा गरिने कार्यहरु गरि राहत उपलव्ध गराउनु नै कोषको लक्ष्य रहेको छ ।

**५. उद्धेश्यः**

(१) पिपद् पिडितहरुलाई तत्काल राहत उपलव्ध गराउने,

(२) आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने ।

**६. नीतिः**

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलव्ध गराई पुनःस्थापना तर्फ उन्मुख गराउने,

(२) नगरपालिकाको कार्यक्षेत्र भित्र परि भैपरी आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखीएको कार्य गरी क्षति न्यूनिकरण गर्ने,

(३) स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगी, संघीय कार्यविधि वमोजिम मासिक रु ५ हजार प्राप्त गर्न तत्काल राहत उपलव्ध गराउने,

**परिच्छेद–३**

**कोष स्थापनाः**

**७. कोष स्थापनाः** (१) आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**८. कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तिको लागि नगरपालिका स्वयंमले व्यवस्थापन गर्नेछ ।

(२) महामारी जन्य समस्या सिर्जना लगायत विशेष परिस्थितिमा कार्यपालिकाको निर्णय अनुसार कोषबाट रकम खर्च गरिनेछ ।

(३) बुँदा नं २ (झ) मा परिभाषित आकस्मिक कार्य वाहेक अन्य प्रयोजनका लागि वा एकै प्रकृतिको दोहोरो सुविधा पाउने गरी यस कोषबाट रकम खर्च गर्न सकिने छैन ।

**९. कोषको वित्तीय व्यवस्थापनः**

(१) नगरसभाबाट आकस्मिक कोषका लागि बार्षिक रुपमा विनियोजन हुने रकम,

(२) शोधभर्ना प्राप्त भएको रकम,

(३) जुनसुकै प्रयोजनमा खर्च भएको रकमलाई घट्न नदिने,

(४) दातृ निकाय, गैह्र सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य श्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

## परिच्छेद—४
## कोषको रकम परिचालन सम्बन्धी व्यवस्था

**१०. कोषको आर्थिक अवस्थाः** कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन वमोजिम हुनेछ ।

**११. कोषबाट हुने खर्चः** कोषमा जम्मा भएको रकम निम्नानुसार क्षेत्रमा खर्च गरिनेछ ।

क) शोधभर्ना प्राप्त हुने रकम

ख) प्राकृतिक प्रकोष महामारीमा तत्काल खर्च गर्नुपर्ने रकम

## परिच्छेद—५
## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

**१२. कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थाः** आर्थिक तथा प्रशासनिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून वमोजिम हुनेछ ।

**१३. कोषको सञ्चालन : (१)** कोषको बैंक खाता सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

## परिच्छेद—६
## विविध

**१४. आकस्मिक कोषको रकममा बृद्धि गर्न सक्नेः**

(१) नगरपालिकाले नगरसभाबाट स्वीकृत गराई आकस्मिक कोषमा रहने रकममा आवश्यक्ता अनुसार बृद्धि गराउन सक्नेछ ।

(२) जाँच पास तथा फरफारक (१) कोषबाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून वमोजिम हुनेछ ।

**१५. कार्यविधिको संशोधनः**

(१) यस कार्यविधिलाई नगरपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

**१६. बचाऊ र खारेजीः**

(१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि वमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार संचानल, २०७४ स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून वमोजिम हुनेछ ।

(२) कुनै कारणबाट कोष संचालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा नगर कार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

बर्दघाट नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) सम्वन्धमा व्यवस्था गर्न बनेको नियम, २०७४ को नियम ४ वमोजिम प्रमाणित गर्दछु ।

मितिः २०८१/०५/०८

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका